# मगरजातिको नालिबेली

- प्रा. डा. राजाराम सुवेदी

नेपालमा मूलतः तीनवटा जाति वस्दछन् मगर, किराँत र खस/किराँत जातिलाई नेपालको प्राचीन शासक जातिको रुपमा परिचय गराइएको छ । किरातकाल पूर्व पनि नेपालमा गोपाल र अहीर महिषपालहरुले राज्य गरेका थिए भनी गोपालराज वंशावलीले स्पष्ट उल्लेख गरेको छ । त्यसभन्दा पहिले पनि यो देशमा मानिसको बसोवास थियो । तर ती राउटे, कुशुण्डा, वनमान्छे, वनऐरी तथा लाम्काने वस्दथे भन्ने संकेत पाइन्छ । त्यताबाट मगरजातिको उत्पत्तिको कुरा पत्तो पाउन गाह्रो पर्छ । मनगढन्ते तर्कबाट जातिको अस्तित्व सिद्ध हुँदैन ।

लिच्छविहरु विक्रमको एक शताब्दी पूर्व नेपालतिर वैशालीबाट प्रवेश गर्दा तराईको घनाजङ्गलतिर पसे । उनीहरुले खानेकुरा खोज्दा नपाएपछि अर्नाको शिकार गरे पहाडतिर भावरतिर प्रवेश गर्दा अर्ना पनि पाइएन र बँदेलको शिकार गर्थे । लिच्छवीहरुले अर्ना नपाउँदा राँगो र वँदेल नपाउँदा सुँगुर पनि खान थाले । नेपालमा नेवारहरु धेरैले राँगो खाए पनि सुँगुर खाँदैनन् । किराँतहरुले राँगो र सुँगुर दुवैको शिकार खाएपनि ती लिच्छवी होइनन् । त्यसो भए लिच्छविहरु वर्तमान नेपालमा को हुन् त ? भन्ने प्रश्नको जवाफ दिन सजिलो छैन । सवै निशन्तान भएनन् होला कतै ती लिच्छवि हालको मगर जाति त होइनन् ? यसको प्रमाण खोज्नै पर्छ । एउटा झीनो आधार, चाङ्गुनारायणको मानदेवले स्थापना गरेको, मगरकै अनुहारसँग मिल्ने गरुडको नमस्कार मुद्रामा देव्रे घुँडामारी चाङ्गुनारायणको मूर्तितिर फर्केको पाषाण शालिक नै त्यसको उपस्थितिलाई लिन सकिने आधार छ ।

काश्मीरको इतिहास लेखक कल्हणले बाह्रौं शताब्दीमा लेख्दा त्यहाँका राजा जयापीड (वि.स. ८०८-८३९) ले नेपालका राजा अरमुडीको भूभागमा प्रवेश गरेर आक्रमण गरे । अरमुडी पछि हट्दै काली गण्डकी पूर्वसम्म बढेपछि काश्मीरी सेनाले उक्त नदी तर्दा माथिबाट ठेलीराखेको नदीको बाँध खोलिदिएकाले काश्मीरी सेना बगेर मरे । राजा अरमुडीले काश्मीरी राजा जया पीडलाई पक्री ढुङ्गे बन्दीगृहमा थुनिदिए । त्यो कुरा काश्मीरमा मन्त्री देव शर्माले चालपाई सैन्यसाथ प्रशस्त धन लिई नेपालतिर बढी अरमुडीलाई प्रलोभन देखाई राजासँग भेट गरे । राजा लघूशंका गर्न गएको मौकामा पगरीको पासो लगाई मन्त्री मरे र त्यही लाश चढी जयापीड कालीनदी तरी आफ्नो सेनासँग मिल्न गए ।[१] कल्हणको वर्णनका अतिरिक्त नेपालको इतिहासमा अरमुडीको कतैपनि उल्लेख छैन । त्यस स्थितिमा नेपालीलाई अनौठो लाग्ने घटना विवरण देखा परेको छ । नेपालको केन्द्र काठमाण्डौं बाहेक अर्को केन्द्र र छुट्टै राज्य भएको सङकेत पाइएको छैन । सम्भवतः गण्डक प्रवेश नेपालकै अभिन्न अङ्गको रुपमा प्राचीनकालदेखी रही आएको छ । गण्डकप्रदेशका आदिवासीको रपमा हाल आएर मगरजातिलाई मानिदै आएको छ अर्माडी, अर्मादी, अरौंदी जस्ता ठाउँहरु गण्डकप्रदेशका मगरभाषाबाट बनिरहेको बुझिन्छ ।

माथिका कुराका आधारमा अरमुडी मगर राजा हुन् त ? भन्ने प्रश्न चिन्ह दिई इतिहासकार डिल्लीरमण रेग्मीले मगर भएको कुरा पुष्टि गर्न खोजेका छन् ।[२] गोपाल राजवंशावलीको पृष्ठ २३ मा तत्पश्चात् भोटराजेनमयति नेपालमण्डले राज्यम् करोति" भन्ने वाक्यांशको अर्थ लुचियानो पेटेच्कले तिब्बती राजा नमयतिले नेपालमा राज्य गर्न थलो भन्ने लगाए । तर आठौं शताब्दीमा तिब्बतमा गृहयुद्ध चलेको हुँदा त्यो सम्भव नभएको भन्ने तथ्य डिल्लीरमण रेग्मीले प्रस्तुत गरेका छन् ।[३] नमयति र अरमुडी एउटै व्यक्ति होइनन् भनी सोझै अनुमान हुन्छ साल्भेट सिल्भाँ लेवीले पनि त्यस कुरालाई समर्थन गरेर नेपाललाई तिब्बतले राज्य गरेको भने तर वंशावलीकारले लेखेको संस्कृत अशुद्ध हुन सक्ने पनि देखिन्छ ।

मगरजाति नेपाली जातिमध्ये महत्वपूर्ण मानिन्छ । यो जाति चीनको 'सिम' भन्ने स्थानबाट उत्पत्ति भएको र त्यहाँबाट सिङमगर र चिनू मगरको नेतृत्वमा सर्वप्रथम नेपालको दक्षिणी भेकमा प्रवेश गरेकामा इ.पू. २३०० ताका पहिलो समूह पश्चिमतिर आएका थिए । दोस्रो र तेस्रो समूह असम र उत्तरी भेकबाट, चौथो समूह सिक्किमबाट र पाचौं समूह दक्षिणी भेकबाट नेपाली भागमा प्रवेश गरेको अनुमान गरिएको पाइन्छ ।[४]

नेपालको प्रमुख समुदाय मगरको उत्पत्तिका बारेमा मध्य एसिया र चीनको हुनान प्रान्तका कुनै वेलामा वासिन्दा भएबाट हूँण, श्वेत हूँण (संस्कृतमा हूँणा, चिनिया भाषामा शिउग्नु (Hisiungnu) भनिन्थ्यो । त्यस हूण जाति संगठित भएर चीनको पेकिङ्ग माथि धावा गर्न पुग्यो । पेकिङबाट सत्ताच्यूत भई भाग्नु परेको हूण जाति यायावर झैं विभिन्न झुण्डको रुपमा यत्रतत्र भौंतारिन थाल्यो । उता हानहरुले अन्य जातकी केटी विवाह गर्दै

---

१ रामतेज शास्त्री, कल्याणकृत राजतरङगिणी (काशीः पण्डित पुस्तकालय, १९६० ई.पू.)
राजाराम सुवेदी "अरमुडीको खोजी" गरिमा पूर्णाङ्क ८७ (२०४६ फागुन) पृष्ठ १०४-११० ।

२ D.R Regmi, Ancient Nepal (Calcutta: firma K.L. Mukhopadhyay, 1969) PP. 213-214.

३ Ibid, Medieval, Nepal, 1963, PP. 66-68.

४ धर्मप्रसाद श्रीस, मगराती संस्कृति (विराटनगरः

आफ्नो जातिको संख्या बढाउन थाले । वर्तमान चीनमा ८५% ले दमन गरिहाल्छ । पेकिङबाट सत्ताहीन भई तितरवितर भएको एउटा चोइटो दक्षिणपश्चिम एशियातिर अभिमुख भयो । खैवरघाँटी (Khaibar Pass) काटेर दक्षिणतिर लागेको हुण जातिको चोइटोले तीन शताव्दीतिर फिरन्ते जीवन वितायो । अश्वशक्तिको प्रयोग गर्ने सो हूँणजाति क्रमश: संगठित हुँदै गयो । त्यस्तो संगठनले क्षेत्रीय शासनको अवधारणा शुरु गऱ्यो तापनि केन्द्र शक्तिलाई मान्यता गर्ने परम्परा अँगाल्न थाले । त्यस्तो क्षेत्रीय शासन अभ्यास गर्दा गर्दा हूँण जातिलाई दुई भागमा विभाजन गरेर हेर्न थालियो । पहिलोलाई हेप्तेलीतोम र अर्कोलाई नेप्तेलीतोम भनियो ।

हेप्तेलीतोमलाई Ephtalitol र नेप्तेलीतोमलाई Nephtalitol भनियो । पेकिङबाट अपदस्थ हूणहरुको एउटा जत्था उराइल पर्वत तरेर यूरोप पुगर वसोवास गर्न थाल्यो । धेरै शताव्दीपछि त्यो जाति एकीकृत भएर ससाना क्षेत्रमाथि शासन चलाउन थाले । चौथो शताव्दीको अन्त्यतिर त्यस जातिमा एकत्व आएकोले उक्त जमातको नेतृत्व अट्टिला (Athila) भन्ने व्यक्तिले दिन थाले । अट्टिलाको नेतृत्वमा संगठित हूँणहरुले यूरोपमाथि आक्रमण गरे । उनीहरुले क्रमश: रुमानिया, हङ्गेरी, युगोश्लाभिया, पोलेण्ड, चेकोश्लोभाकियामाथि अधिकार गरे । यूरोपीयहरुले हूँणहरुलाई भील्लजङ्गली (Barbariouns) भनी घृणा गर्न थाले । अट्टिलाले पूर्वी रोमको केन्द्रस्थल कन्तस्तन्तुनिया (Constantioplae) माथि पनि अधिकार गरेपछि रोमतिर आफ्नो सेना बढाए । ई. ४५० मा Attila ले पश्चिमतिर बढ्दै राइन नदी (Rhine) तरेर जर्मनी र फ्रान्सदेश (Gaul) कब्जा गरे । ई. ४५१ मा रोममाथि अट्टिलाको आक्रमण हुँदै गएको देखेर रोमको पोपले अट्टिलालाई मनचिन्ते घूस दिई आक्रमण टारे । ई. ४५२ मा रोमको पोपले अट्टिलालाई भेटी अरु थप घूस वा आर्थिक कर तिरेर निश्चित भएर वसे । हूँणहरुले क्रमश: Danube Valley, Theiss Valley, Hermanric को Alans र Heruls लाई पराजीत गरी Daniester river खर्बाभिथ पुगेर त्यहाँका राजा Valen Athanaric लाई हराए । ब्ततर्षबि ले त्यहाँ हाहाकार मच्चाएरका हुँदा Valen Athianaric प्रस्तावसाथ औंठी पठाए । चालक ब्ततर्षबि ले त्यसलाई स्वीकार गरे तापनि उनीहरुमाथि पूर्णविश्वास गरेका थिएनन् । विवाहको वहानामा Gaiseric का Bandal लाई Visigoth 4isigoth द्वारा Attila माथि आक्रमण गराउने षडयन्त्र गरेतापनि ब्ततर्षबि त्यसबाट उम्की पश्चिमतिर बढ्दै गए । पश्चिमबाट फर्कदा खाद्याभाव भएर Plauge पनि फैलिएकोले ई. ४५३ मा Attila आफ्नो सेनासाथ फर्कदा Gepids द्वारा आक्रमण गराई Attila को हत्या गरियो । उनको मातहतका योद्धाहरु मोर्चावन्दी गरी आत्मरक्षार्थ Decia भन्ने ठाउँमा वसे । [५]

Han भन्ने दाजु र Magyar भन्ने भाइहरु बसोवास गर्ने देशलाई Hungary नाम राखिएको थियो । हूँण (Hun) का सन्तानहरु खैवरघाँटीबाट भारततिर पसेका र मग्यारका सन्तान चीन, तिव्वत हुँदै नेपाल प्रवेश गरेका थिए भन्ने श्रुति रहेको पाइन्छ । उक्त भनाई अनुसार हङ्गेरी र यूरोपका धेरै राज्यहरुलाई आफ्नो अधिनमा पारेका थिए । यूरोपतिर लागेका हूँणहरु त्ाचपभथ सम्म आउन समर्थ भए भन्ने अर्को जत्था चीनको पेकिङबाट दक्षिण पश्चिमतिर हान्निदै तिब्वत, इरान, पर्सिया (फारस) देशहरुतिर तितरवितर भयो । ती मध्ये एक जत्था खैवरघाँटी तरेर दक्षिणपूर्व एशियातिर लाग्दै पञ्जाव जालन्धरसम्म पुगेर संगठित हुने प्रयत्न गर्न थाल्यो ।

चीनको पेकिङबाट हानहरुले अपदस्थ गरेका हूँणहरुको एउटा जत्था दक्षिणपश्चिमतिर लाग्दै खैवरघाँटीतिर पुग्यो र केही शताव्दी त्यतातिरै तितरवितर भईरहेको बेलामा फारसदेश इरानतिरबाट कुशानहरु भारततिर प्रवेश गरिराखेको देखे । हूँणहरु अश्वारोही हुनाले कुशानहरु लागेको बाटो पछ्याउन संगठन गर्न थालेका थिए । कुशासनहरुले भारतमा स्कन्दगुप्तको शासन चलिरहेकोले त्यस शक्तिले हूँणहरुको प्रवेशलाई रोक्न सफल भएको थियो । आखिरमा ई. ४७५ तिर हूँण र स्कन्द गुप्तको युद्ध चल्दा गुप्तहरुको केही नलाग्दा हूँणहरुको उत्तरपश्चिम भारतमा शासन स्थापना हुन गयो । उनीहरुले पश्चिम र मध्येक्षेत्रको गुप्त साम्राज्यलाई छिन्नभिन्न गरिदिए । Toramana ले पुरै उत्तरपश्चिम भारतलाई आफ्नो दखलमा लिई सकेपछि त्यसै अभियानमा उनको मृत्यु भयो । उनका छोरा मिहीरकुल झन् वीरयोद्धा र संगठनकर्ता भएकाले हूँणहरुको विस्तार हुँदै गयो । Mihirkula ले इरानलाई पनि आफ्नो अधिनमा पारी चाँदीका टक टकमरी गरेका थिए । उनले ग्वालालियरमा ताम्रमुद्रा प्रसारण गरेकोबाट छैठौं शताब्दीसम्म हूँणहरुको शासन रहेको प्रमाणित हुन्छ ।

प्रसिद्ध चिनिया बुद्ध धर्मावलम्बी यात्री हेनस्याङ (Hiun Tsang) ले मिहीरकुलले बुद्धधर्मा वलम्बी विरुद्ध कार्वाही गरेको उल्लेख गरेका छन् । उनले बालादित्यको राज्यमा मिहिरकुलले आफ्नो विजयपताका फैल्याए यशोधर्मको विजय यात्रा माण्डासोर (Mandasor) को अभिलेखले पुष्टी गरेको छ । त्यतिवेला त्यहाँ हूँणहरुको प्रवेश भएको

---

[५] Carne Brinton, John Chritopher, Robert Lee Wolff, Civilization in the west (New Jersey: Prentice Hall, 1964 pp. 74,84-85. William L. Langer An Encyclopedia of world History (Bombay: George E Harrap, 1945) pp. 121,143. राजाराम सुवेदी, “खपतडको गर्भे इतिहास” मधुपर्क, पूर्णाङ्क, ३१२ (जेष्ठ २०५२) पृष्ठ ४१-४२ ।

थिएन । ती राजाहरु बुद्धधर्मावलम्बी पनि थिएनन् । लौहित्य नदीदेखी महेन्द्र पर्वतसम्मको, हिमालयदेखि पश्चिम सागरसम्मका सम्पूर्ण राजाहरुले उनको आधिपत्य स्वीकार गरेका थिए । सम्भवतः मिहिरकुलका हूणहरुले पनि त्यो सत्ताको मान्यता गरेका थिए । तर पछि हूँणहरु नै उपर्युक्त क्षेत्रका मालिक भएका थिए । यशोधर्मलाई मिहिरकुलका हुँणहरुको राज्य विभिन्न टुक्रा भएर ठाउँठाउँमा (धेरै टुक्रामा) बाँडिन गयो । ती मध्ये मिहिरकुलका सोझै सन्तति मिहिरकुलीन-महरकुलीन-मगरकुलीन-मगरकुल र अन्त्यमा मगर भनिए । मिहीरकुलका अन्य टाढाका शासकहरुले आँफूलाई राजपुत, मरहट्ट, तोमर, गोल्ल जस्ता खानदानको पहिचान लिन थाले । छैठौं शताब्दीको कुरा ६०० वर्षपछि अलेक्जेण्डर मोङ्क कोशमोशले तोरमानको अत्यारलाई सुनेकाभरका बढाई चढाई लेखेको थिए । [६]

श्वेत हूँण, शक, खस भई भारतवर्षको मध्यभाग राजपुतनामा प्रवेश गरी त्यही सभ्याताको विकास गरेका मिहिरकुलका सन्ततिहरुले आहारविहारमा केही शुद्धता ल्याई आफूलाई राजकुल राजपुत भन्न थाले । तिनीहरुलाई छत्तीस थरका राजपुत भनिन्छ । जस्तैः गुहिल्य, रायठौड, चौहाण, सिन्धिया, जाटिया, गुञ्जार, राहदावल्ला, वालाच्नी, वज्जाड्डा, जेतूहाई, सोलङ्कीया, परिहार्र, चम्वाडीया, सम्भरीया, यादली, वनकर्रा, गोण्डिया, भार्रीया, मेट्टीया, चहमौनिया, पाल्ल, कपिस्सा, जाबूल्लीय, मल्ल, चन्देरे, सेनकर्रा, खाणखोण्ड, समाल्ल, राहूल्ल र रौताल्ला आदि । [७]

माथि वर्णन गरिएका हेप्तेलीतोम र नेप्तेलीतोमहर पनि तोरमान तथा मिहीरकुलका समकालीक मानिन्छन् । पछि आएर हेप्तेलीतोमलाई खप्तडी तथा नेप्तेलीतोमलाई खुलाली भनेर चिन्न थालियो । समग्रमा त्यो खस महाजातिको नामले चिनिन थाल्यो । मिहीरकुलका सोझै सन्ततिहरु मगर कहिन थालेपछि पनि उनीहरुका विभिन्न थर र उपथर रहन गए । उदाहरणको लागि आलेमगरका २४६ थर घर्ती मगरका ४९ थर, थापामगरका ५५३ थर पुनमगरका ५३ थर, बुढाथोकी मगरका २६ थर, रानामगरका १८६ थर गरी हालसम्म प्राप्त जम्मा १११३ थरका मगरहरु नेपालमा बसोवास गर्दछन् ।[८]

नेपालमा बसोवास गर्ने मगरहरु बाह्र मगर, अठार मगर र डोल्याली मगर गरी तीन वर्ण (वर्ग) मा विभाजित गरिएको पाइन्छ । कतै कतै बाह्र मगरलाई गोर्खा मगर भन्ने गरेको पनि पाइन्छ । गोर्खामगर भन्नुको कारण गोरखाराज्य स्थापना भएर नेपालको एकीकरणपछि पनि मगरहरुलाई देवी देवताका गाथगादीका पूजारी, काजी भारदार तथा विर्तावाल मानेर थरधरमा मान्यता गरेपछिको पहिलान जस्तो रहेको कुरा सामान्य अर्थमा बुझिएको छ । त्यसको विशिष्ठ कारण गोरखा राज्य जगेर्ना गरेबाटै नेपालको एकीकरण र त्यसपछि हालसम्म पनि ज्यू ज्यानको वास्ता नराखी नेपाल राष्ट्रको अखण्ड अस्तित्वको लागि मरिमेट्ने गौरवशाली इतिहास बोकेको मगरजातिलाई गोर्खामगर भनेको हुनुपर्छ भन्ने मर्मवोध हुन्छ ।

राजा मानदेवकै पालादेखि हूणखसहरु आर्यको रुपमा नेपाल प्रवेश गरी महत्वपूर्ण ठाउँहरु ओगट्न सफल भएको कुरा चाँगुनारायणका पुजारी त्यतिवेलाको रहेको वंशावली र नेपाल महात्म्यको वर्णनबाट चाल पाइन्छ । विक्रमको बाह्रौं तेह्रौं शताब्दीमा त कर्णाली प्रदेशमा उनै हूण मूलका खसमल्ल राजाहरुले साम्राज्यको स्थापना गरेका थिए । आर्यहरु सवैले लाश जलाउने परम्परा नभई योगी, कर्म नचलेका, आफ्ना नजीकका नातेदार नभएकालाई गाड्ने चलन हुनाले एउटै मान्यताअनुसार प्राचीनकालका आर्यहरुको अवशेष पाइदैन भन्नु सर्वमान्य कुरा मानिएको पाइन्न ।

हूण उत्पत्तिका मगरखसहरुको हिमाल दक्षिणपट्टि प्रवेश भएपछि मगरहरुले पहिले राज्यको स्थापना गरेका कुरामा विभिन्न स्रोतहरुले पुष्टि गरेका छन् । नेपालमा लिच्छवीहरुको शासन स्थापना हुनुपूर्व पूर्व नेपालको कम्पाचन तथा टम्वन् राज्यमा मगर राजाहरुले राज्य गर्दथे । पछि ती दुवै राज्य एकै छत्रमा समावेश भएपछि ती मगर राजाले लेप्चामूलका जनतामाथि बढी कर लगाउनुका साथै अन्याय पनि गरेको भन्ने आरोपमा सवैजसो रैतिहरु मिलेर मगर राजाको हत्या गरिदिए । विधवा बनेकी रानीले विनयतापूर्वक रैतिहरु समक्ष आफ्नो परमायू सकिएर एकपला पनि मानिस बाँच्न नसक्ने हुँदा राजाको मृत्यु भयो तसर्थ मृत शवसँग कुनै वैरत्व नराखी दाहसंस्कार (मृत्युसंस्कार) गरिदिने अनुरोध गर्दा उनीहरुलाई चित्त बुझ्यो । मृत्युसंस्कार सकेर मलामीहरु आ-आफ्ना घर फर्किने बेलामा राजाको मुक्तिको लागि मलामीलाई खुवाउनुपर्ने हुँदा रानीले खाजा तयार पारिन् । सवै मलामीले त्यो खाजा खाए । खाजामा विष मिसाइएकोले खानेहरु सवै मरे । राज्यमा त्यस्तो हाहाकार भएपछि मगर राजाका सम्पूर्ण परिवारलाई खतरा हुने हुँदा किल्ला (जोङ) बनाएर मोर्चा लिई बसे । लेप्चा, शेर्पा र भोटेहरुले

[६] J. Allan, The Cambridge shorter History of India (New Delhi: S. Chaund and Co. 1964) pp. 76-77

[७] राजाराम सुवेदी “शाह राजाहरुको पुख्यौली” नेपालका शाहवंशीय राजाहरु तथा तिनका सन्ततीहरुका वंशावली (काठमाडौं: बहादुर शाह स्मृति प्रतिष्ठान, २०५९) पृष्ठ ‘ट’ ।

[८] केशरजंग वरलमगर पाल्पा तनहूँ र स्याङ्जाका मगरहरुको संस्कृति (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५०) पृष्ठ १५५-१६९ ।

किल्लामा पानी जाने बाटो बन्द गरिदिए । मगर रानीले भने झैं पानीको अभाव नभएको प्रदर्शन गर्दै किल्लाभित्रबाट पानी बाहिर फ्याक्न थालियो । भोटेहरुले पानीको मुहान खुला गरिदिए तापनि उक्त युद्धमा मगरहरुको पराजय हुने लक्षण देखेपछि उक्त तोङ सोङ फोङ जोङबाट (कमपाचं र टम्वन् क्षेत्रबाट) मगर सेनासाथ उत्तरमध्यमकालमा सुटुक्कै पश्चिमतिर लागे । [९]

कम्पाचङ तथा टम्वन् उपत्यकाबाट मगरहरु पश्चिमतिर लागेपछि सवै छिन्नभिन्न अवस्थामा पुगी २२० गाउँहरुमा बसोवास गरे । पछि ती २२० गाउँहरु खिच्चिएर १२ वटा राज्यमा परिणत भएकाले ती राज्यलाई बाह्रमगराँत भनियो । ती बाह्रवटा मगराँत क्षेत्रमा क्रमशः अर्घा, गुल्मी, इश्मा मुसीकोट, खाँची, घिरिङ, रिसिङ, भीरकोट, पैयूँ, गह्रौ, ढोर र सतहुँ थिए । [१०] अट्ठार मगराँतको क्षेत्रविषयमा मानवशास्त्री विद्वानहरु स्पष्ट छैनन् । तापनि रुकुम टकसेरा ४ गाउँ रोल्पाको जङ्कोट, शूलीचौर, थोवाङ, जिनावाङ, जलजले, सल्यानको रोल्पागाउँ, जाजरकोटको बैंक, दैलेखको रानीमत्ता, वालुवाटार, प्यूठानको फूइवाङ, कोर्चावाङ, वाग्लुङको हिल, तारा, निसिभुजी, भुजेलगाउँ, ढोरपाटन आदि ठाउँहरु पर्ने कुरा पंक्तिकारको स्थलगत भ्रमणबाट जानकारी हुन्छ । अर्कोतिर डोल्पाली मगरहरुलाई औलका वासिन्दाहरुले “ताराभोटे” भन्दथे । बाह्रमगराँतका मगरहरुले मगरढुक भाषा, अठारमगराँतका मगरहरुले मगरपाङ, डोल्पालीमगराँतका मगरहरुले बोल्ने भाषालाई मगरकाइके भनिन्छ । अठारमगरको भाषालाई खामकुरा पनि भनिन्छ ।

बाह्रमगराँतको स्वर्णकाल उत्तरमध्यकालको बल्ढेङगढी सभ्यतालाई लिन सकिन्छ । बाह्रमगराँतलाई एकीकरण गरी बलिहाङ नाम गरेका मगर राजाले छरिएको मगर शक्तिलाई एकीकृत गर्ने प्रयास गरे । फलस्वरुप मगरहरुको लडाकू सेनाको संख्या चारहजार (बुलीह्वाङ) थियो । इस्विको चौधौं शताब्दीदेखि स्थापित बुलिह्वाङ राज्य कर्णाली प्रदेशको खसमल्ल शक्ति कमजोर भई विभाजित हुने अवस्थामा आइसकेको वेलामा स्थापित भएको कुरा ऐतिहासिक क्रमबाट मिल्ने बुझिन्छ । त्यहाँको पहिलो राजा बलिहाङ भनेको पाइन्छ भने उनी पछिको त्यहाँ शासक भए सो कुरा स्पष्ट र क्रमबद्ध जानकारी भएको छैन । [११]

लिच्छवीकालको उत्तरान्तकालीन परिस्थितिमा नेपालमण्डलको अवधारणाले उपत्यकालाई केन्द्र र मोफसललाई विषय (जिल्ला) भनी मण्डलाकार दिई त्यसलाई शास्त्रीय ढाँचामा नेपालमण्डल भन्ने गरियो । हालसम्मम त्यस नेपाल मण्डल अन्तर्गत एघारवटा विषय (जिल्लाहरुका) को पत्तो लागेको छ । ती विषयहरुमा क्रमैसँग यसरी प्राप्त भएका छन् जस्तैः गण्डीगुल्मविषय, जिल्लोदग मविषय, पन्नगविषय, धवलस्रोतपुरविष, पञ्चावतदेशविषय, उदयपुरविषय, फनपिङविषय, लमजुङगुङकेविषय, मग्ग्वरविषय, विनायकमाध्यमविषय र खलम्पिम्विषय आदि रहेको पत्तो लागेको छ । अन्य विषयको पत्तो लाग्न सकेको छैन, पत्तो लागिहाल्ला, अनुसन्धान गर्दै जान सकेमा । [१२] यसबाट के थाहा हुन्छ भने पाल्पा, पर्वत, गुल्मीतिर वि.सं. ११५७ ताका मगरहरुको बसोवास भइसकेर त्यसभेकलाई जिल्लाको नाम नै मग्ग्वर विषय राखिएको कुरा प्रमाणित हुन्छ त्यस वेला राजा शिवदेव तथा विषयपति श्री साहेव राने (रानामगर) भएको कुरा प्रमाणित भएको छ । त्यस क्षेत्रका सामन्त राजा रामदीव भएको भन्ने पनि जानकारी पाइन्छ ।[१३]

मग्ग्वरविषय नेपालमण्डल अन्तर्गत रहेको प्रमाणित भएको कुरा माथि वर्णन गरिएको तथ्यबाट खुलस्त हुन्छ । नेपाल मण्डलको शासन साह्रै कमजोर भएको अवस्थामा कर्णालीप्रदेशको सिंजालाई केन्द्र बनाई हूणमूलका खसमल्लपदधारी राजाहरुले शासन आरम्भ गरेका थिए । १,२५,००० पहाडखण्ड र झारखण्ड (तराईमधेश) सम्म फैलिएको उक्त साम्राज्यमा मग्ग्वरविषय पनि गर्दथ्यो । कर्णालीप्रदेशको खसमल्ल साम्राज्यको शक्ति कमजोर भएपछि मात्र बल्ढेङगढी (बलिहाङराज्य) को स्थापना भएको थियो । मगरहरुका नायक बलिहाङ (बलिराजा) ले राज्य स्थापना गर्दा चारहजार योद्धा भएबाट बुलीहाङ भनिएको र बुलिहाङ सेनाले निर्माण गरेको कटककिल्लालाई बलीहाङगढी भनियो । त्यसै बलिहाङगढी आजकल बल्ढेङगढी भनिन्छ । बल्ढेङगढी हाल पाल्पा जिल्लाको दक्षिणपश्चिम तानसेन बजारबाट भैरवथान हुँदै हाङथोकमा निस्की गूल्मी तम्घास जानेबाटो छोडि

---

[९] W.B. Northy and C.J. Morris, The Gurkhas, Their Manners Customas and Country (Delhi: Cosmo Publications, 1974) pp. 187-188.

[१०] Ministry of Defence Nepal and the Gurkhas, (London:

[११] राजाराम सुवेदी, “बल्ढेङगढी” प्रज्ञा, पूर्णाङ्क ६५ (२०४५-माघ, फागुन, चैत) पृष्ठ १-१२ ।

[१२] धनवज्र बज्राचार्य, “मध्यकालका शुरुका केही अभिलेख” (CANS Journal Vol. V. No. 1 (Dec. 1977) pp. 93-120
राजराम सुवेदी, “नेपालमण्डल कसरी बनाइन्थ्यो” गरिमा पूर्णाङ्क २४४ (२०५९ चैत), पृष्ठ ६२-६५०

[१३] महेशराज पन्त र ऐश्वर्यधर शमा{ The Early Copper;late inscriptions from Nepal "Nepal Research centere KTM 1977 pp 78

दक्षिणपश्चिमतिर लाग्यो भने खुर्सानें पुगिन्छ । तराईतिरबाट साल्झुण्डी हुँदै उत्तरतिर लाग्दा पनि बल्ढेङगढी पुग्न सकिन्छ ।

लुम्बिनी अञ्चल पाल्पा जिल्ला, बल्ढेङगढी गा.वि.स. वडा नं. ५ मा बल्ढेङगढी पर्दछ । त्यहीं ऐतिहासिक सामरिक किल्लाको उपस्थितिको कारण नै त्यस गाउँका नामकरण गरिएको हो । महाभारत श्रृङखलाको दक्षिणी भागमा पर्ने उक्त गढी पहिले पहाड मधेश गर्ने बाटोमा पर्ने हुँदा चौकी पनि बसेको थियो । मध्यकालमा यस गढीको ऐतिहासिक र सामरिक महत्व रहेको थियो बल्ढेङगढीमा पहिले मगर उमराउ बस्दथे र यसको निर्माण बलिहाङ राजाले गरेका थिए । ती बलिहाङ राजा मृत्युको मुखमा पुगेका बेलामा त्यस राज्यका सारा जनताले नाचगान, च्यौंसी र भैलो खेल खेली यमराजसँग आफ्ना राजाको आयू बढाइदिन प्रर्थाना गरे । फलस्वरुप राजा बलिहाङ आकाल मृत्युबाट बचेका थिए । पछि त्यो साँस्कृतिक परम्पराको रुपमा विकसित भएर दर्शैंपछि तिहारमा च्यौंसी र भैलो खेल्ने मगराँतको परम्परा विकसित भएको लोक इतिहास पाइएको छ ।[१४]

पाल्पामा सेनवंशीय राजाहरुको राज्यस्थापना हुनु पूर्वकालसम्म बल्ढेङगढी राज्य शक्तिशाली रहेको थियो । वि.सं. १४९३ मा गुल्मी, १५५० मा पाल्पा, १४९० मा अर्घा, १४९२ मा खाँची, १४६५ मा धुर्कोट, १५५० मा मुसीकोट र इश्मा राज्यहरुको स्थापना भएपछि बलिहाङ राज्य स्वभाविक रुपमा कमजोर पर्दै गएको थियो । ती सातवटै राज्यहरु मिलेर बलिहाङ राज्यमाथि एकैचोटी हमलागरी ध्वस्त पारे । त्इस राज्यलाई टुक्राटुक्रा पारी सातै राज्यले आफुहरुलाई पायक पर्ने क्षेत्र दखल गरे । [१५] त्यसरी दखखल गर्दा पहाडी भाग अरु राज्यलाई बढी तराइको भाग पाल्पालाई बढी गरिएको थियो । वि.सं. १६०० को आसपासमा गरिएको उक्त आक्रमणमा जग्गा बाँडफाँड गर्दा खिदिम क्षेत्रमा खिचलो परेकाले वि.सं. १६६९ मा खाँचीका राजाले जुम्ला गोतामबाट आएका श्रीधर गौतमलाई रामसिंह वर्मा (शाह) ले कुशपानी समातेर विर्तादान गरेका थिए । [१६]

बल्ढेङगढी राज्यका संस्थापक बलिहाङ रानामगर थिए भनी माथि चर्चा गरियो र यहाँका अन्तिम मगर राजा रनवीर रानामगर । सात चौवीसी राज्यहरुले पहिले नुवाकोट डाँडाको नेपानेमाथि आक्रमण गरे । त्यतिवेला मगर राजा त्यही ठाउँमा बसी तमाखू खाइरहेका बेलामा सातराज्यका सेनाले छोडेको धनुकाँध लागी हुक्का भाँचियो । त्यति नै बेला राजाले “अब बल्ढेङगढी राज्य नटिक्ने” भविष्यवाणी गरे भन्ने कुरा त्यताको लोक इतिहासबाट जानकारी भएको छ । त्यसपछि बल्ढेङगढी चर्चा वि.सं. १८७२ को कुरालाई श्री ५ सुरेन्द्रबाट अनुमोदन गरी श्रीधरका एघारौं पुस्ताका विष्णुपाध्या गौतमलाई विर्ता थामेको, १८९८ मा पुनर्नवीकरण गरेबाट त्यसको ऐतिहासिक महत्व रहेको र मगरराज्यको अस्तित्वलाई पुष्टि गर्ने आधार पाइएको छ ।

---

[१४] राजाराम सुवेदी, गुल्मीको ऐतिहासिक झलक (तम्घासः किरण पुस्तकालय, २०५५) पृष्ठ ४४-४७ ।

[१५] F.B. Hamilton, An Account of the kingdom of Nepal (New Delhi: Manjushree Publishing House 1971) pp. 262-265

[१६] सुवेदी पूर्ववत, टिप्पणी नं. १४, पृष्ठ ४६